# आर्थिक वर्ष २०७९/८०को
# बार्षिक नीति तथा कार्यक्रम

## नलगाड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### दल्ली, जाजरकोट
### कर्णाली प्रदेश, नेपाल

नलगाड नगरपालिकाको दशौ नगर सभामा

नगर प्रमुख श्री डम्वर बहादुर रावतले

मिति २०७९।०३।१० मा प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७९/८० को

# बार्षिक नीति तथा कार्यक्रम

नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु,
स्थानीय राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
नलगाड नगरपालिकार अर्न्तगतका कार्यालयका सम्पूर्ण कर्मचारीज्यूहरु,
संचारकर्मी मित्रहरु, नलगाड नगरपालिकाका सम्पूर्ण आमाबुबा, दाजुभाई, दिदीबहिनीहरु सर्वप्रथम म यहाँहरुलाई नगर सभाको उद्घाटन सत्रमा हार्दिक स्वागत तथा अभिवादन ब्यक्त गर्दछु । साथै नलगाड नगरपालिकाको दशौ नगर सभामा आर्थिक वर्ष २०७९।०८० को बार्षिक नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न पाउदा सर्वप्रथम म नगर कार्यपालिका तथा नगर सभाप्रति हार्दिक कृतज्ञता ब्यक्त गर्न चाहन्छु ।

१. नेपालको संविधान जारी भएपश्चात स्थानीय तहको दोश्रो निर्वाचन स्वतन्त्र, निष्पक्ष, शान्तिपुर्ण र भयरहित वातावरणमा सम्पन्न भई निर्वाचनले लोकतन्त्रको जगलाई बलियो सावित गरिदिएको छ । यस सुखद पृष्ठभुमिका विच नलगाड नगरपालिकाको गरिमामय दशौ नगरसभामा नलगाड नगरपालिकाको आर्थिक वर्ष २०७९।८० बार्षिक नीति तथा कार्यक्रम सम्मानीत सभा समक्ष प्रस्तुत गर्न पाउदा म गौरवान्वित भएको छु । अव म यहाँहरु समक्ष आर्थिक वर्ष २०७९।८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

२. नलगाड नगरपालिका नेपाली जनताले पटक पटक गर्दै आएका शसस्त्र शंघर्ष, जनयुद्ध, ऐतिहासिक जनआन्दोलन, त्याग र वलिदानको गौरवपुर्ण ईतिहासलाई स्मरण गर्दैजीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरु प्रति उच्च सम्मान सहित भावपूर्णश्रद्धाञ्जली अर्पण गर्दछ । नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगलिक अखण्डता, राष्ट्रिय अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजीवनका लागि विभिन्न कालखण्डमा जनताको अधिकार प्राप्तिका आन्दोलनहरुबाट घाईते, बेपत्ता तथा अपाङ्गता भएका ब्यक्ति र आन्दोलनमा सहभागि हुन योगदान गर्नुहुने सम्पुर्ण महान योद्धाहरुको स्मरण गर्दै उहाहरु र अग्रजहरुप्रति उच्च सम्मान ब्यक्त गर्दछु । नेपाली समाजको रुपान्तरणमा उहाहरुले पुर्याउनु भएको महान योगदानको पुनःस्मरण गर्न चाहन्छु ।

३. दुई वर्ष देखि विश्वभर फैलिरहेको कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि नलगाड नगरपालिका, संघीय सरकार र प्रदेश सरकारले चालेको कदमको परिणाम स्वरुप आज कोभिड-१९ महामारी सामान्य जस्तै भएको छ । यद्यपी कोभिड-१९ को प्रभावलाई सामान्यीकरण गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमासंलग्न सवै ब्यक्ति तथा निकायहरु प्रति हार्दिक धन्यवाद ब्यक्त गर्दछु । साथै संघीयता कार्यान्वयनकै क्रममा सम्पन्न स्थानीय तहको दोश्रो निर्वाचनलाई शान्त, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन सहयोग गर्ने नलगाडबासी आम जनसमुदायहरुमा हार्दिक आभार सहित धन्यवाद ब्यक्त गर्दछु ।

४. संघीयता कार्यान्वयनको क्रममा हाम्रो नलगाड नगरपालिका आर्थिक सम्वृद्धि, सुशासन र विकासको मार्गमा निरन्तर अगाडी बढिरहेको छ । नलगाड नगरपालिका लोकतन्त्रका आधारभुत मुल्य, मान्यता, मानव अधिकारको संरक्षण, सुशासन, उत्तरदायी सरकार, भ्रष्टाचार नियन्त्रण, स्वतन्त्र

न्यायपालिका, पुर्ण प्रेश स्वतन्त्रता, विधिको शासन, जनताका आधारभुत हक अधिकारहरुप्रति प्रतिबद्ध छ । यस नगरपालिकाको समग्र विकासको लागि स्वास्थ्य, शिक्षा, कृषि लगायत समस्त क्षेत्रको विकास र विस्तारको प्रचुर सम्भावनालाई उचित व्यवस्थापन एवम् परिचालन गरी नगरको समग्र विकास र सम्वृद्धिको लागि हामी सवै दृढ संकल्पित छौ ।

५. "**समृद्ध र सफा नगर, दिगो विकास र सुशासनको शहर**" भन्ने नलगाड नगरपालिकाको दीर्घकालिन सोचलाई साकार बनाउन संघीय सरकार, कर्णाली प्रदेश सरकार, विभिन्न सरकारी निकायहरु, विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग आपसी समन्वय तथा सहकार्य गरी योजना तथा कार्यक्रमहरु तय गरिनेछ । यसरी तय गरिएका योजना तथा कार्यक्रमलाई व्यवस्थित एवं प्रभावकारी तवरले सञ्चालन गर्नको लागि नगरपालिका भित्रका सम्पूर्ण राजनितिक दलहरु, स्थानीय जनताहरु र सरोकारवालाहरुको सहयोग र सहकार्यको लागि नगरपालिका आव्हान गर्दछ ।

६. आ.व. २०७८।७९ को नगर सभाबाट आ.व. २०७८।७९ मा कार्यान्वयन हुने गरी बजेट विनियोजन भएका तर विविध कारणले निर्माण कार्य सम्पन्न हुन नसकेका स्थानीय तहबाट बजेट विनियोजन भएका योजनाहरुलाई बहुवर्षिय योजना बनाई प्राथमिकता दिई आगामी आ.व. २०७९।८० मा बजेट विनियोजन गरिने व्यवस्था मिलाईनेछ ।
७. स्थानिय सम्भाव्यता तथा आवश्यकताका आधारमा पहिचान गरिएका विभिन्न बालीको पकेट क्षेत्रलाई पकेट क्षेत्रको रुपमा स्थापित गरी ब्लक र जोनको रुपमा विकास गर्न "**नलगाड कृषि विकास विशेष कार्यक्रम**" लाई निरन्तरता साथै विस्तार समेत गरीनेछ ।

८. "**अर्गानिक खेतीमा जोड, नलगाडको अठोट**" भन्ने नारालाई साकार तुल्याउन स्थानीय रैथाने बालीबस्तुको संरक्षण र प्रवर्द्धन गर्दै अर्गानिक उत्पादन र उत्पादकत्व वृद्धिको लागि नलगाड अर्गानिक कृषि कार्यक्रमहरु सञ्चालन गरीनेछ ।

९. अर्गानिक कृषि उत्पादनको प्रवर्द्धन, विकास र कृषिलाई आधुनिकीकरण गर्दै रोजगारी सिर्जना गर्नको लागि कृषि औजार उपकरणहरुको व्यवस्था गरीनेछ । विभिन्न वडाहरुमा बाली उपचार शिविर सञ्चालन गरी कार्यान्वयन गरीनेछ । स्थानीय सरकार र अन्य साझेदार निकायको समन्वय र साझेदारीमा स्थलगत माटो परीक्षण गरी माटो सुहाउँदो कृषि उत्पादनलाई जोड दिइनेछ । साथै स्थानीय बालीका जातहरु जस्तै : कोदो , फापर, कालो धान आदीको संरक्षण प्रवर्द्धन तथा प्राङ्गारिक उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

१०. कृषिमा आत्मनिर्भर हुने खालका नीति तथा कार्यक्रमहरु तय गरीनेछ । आर्थिक तथा सामाजिक रुपले पछि परेका कृषक केन्द्रित कार्यक्रमहरु सञ्चालन गरिनेछ । कृषकको कृषि उपजहरुको बजार सुनिश्चित गर्नको लागी कृषि हाटबजार र कृषि उपज संकलन केन्द्रको विकास र स्थापनामा जोड दिइनेछ । फलफूलबालीको नर्सरी स्थापनामा जोड दिइनेछ । नगर प्रमुख कृषक पुरस्कारलाई निरन्तरता दिदै उत्कृष्ट कृषक, कृषक समूह,कृषि फर्म र कृषि सहकारी संस्थालाई पुरस्कृत गरीनेछ ।

११. कृषि प्रविधि प्रदर्शन, अनुसन्धान तथा प्रसार गर्न कृषि सिकाई केन्द्रको स्थापना तथा विस्तार गरिनेछ । कृषकहरुलाई तालिम तथा सिप सिकाई प्रदान गरी कृषि व्यवसाय तर्फ उन्मुख गराइनेछ । व्यवसायिक कृषक, व्यवसाय उन्मुख कृषक उत्पादन गर्न कृषकलाई प्रोत्साहनमा आधारित अनुदान प्रदान गरिनेछ । साथै सामुहिक खेती करार तथा जमिन भाडामा लिई खेती गर्न इच्छुक कृषकलाई अनुदानको व्यवस्था गरीनेछ ।

१२. कृषि उपजहरुको निर्यात बृद्धि गर्ने नीति अवलम्बन गरिनेछ । कृषि उत्पादनको बहु उपयोग हुने गरी उत्पादन विविधिकरण र मूल्य शृङ्खला विस्तार गरिनेछ । निर्यात योग्य उच्च मूल्यका कृषि उपजहरुको खेतीलाई प्रोत्साहन गरिनेछ । कृषि उपजका साधानहरुको उपलब्धता, उत्पादन, सञ्चय, विक्रि वितरण र मूल्यको अनुगमन एवं नियमन गरिनेछ । कृषियोग्य भुमिको खण्डीकरण र अतिक्रमण रोक्न थप कार्य गरिनेछ । बाझो जग्गा सदुपयोग सम्बन्धी नीति तर्जुमा गरि यसको सफल कार्यान्वयन गरिनेछ ।

१३. मौरी पालन व्यवसायलाई प्रवर्द्धन गर्नमा जोड दिइनेछ । मौरीपालन विशेष कार्यक्रम सञ्चालन गरि प्राङ्गारिक मह उत्पादन, प्रशोधन तथा बजारीकरणमा जोड दिइनेछ ।

१४. तेलहन बालीलाई प्रवर्द्धन गर्नमा जोड दिइनेछ । तेलहन बाली विशेष कार्यक्रम सञ्चालन गरि उत्पादन, प्रशोधन तथा बजारीकरणमा जोड दिइनेछ । त्यसका लागि कृषक, कृषक समुह, सहकारी संघसंस्था सँग समन्वय गरि परिचालन गरिनेछ ।

१५. कृषकहरुलाई व्यवसायिकरण गराउन, आधुनिक प्रविधि अवलम्बन गर्न नमूना कृषकको रुपमा स्थापित गराउन नमूना कृषि फर्म स्थापना तथा विस्तार गरिनेछ । नमूना कृषि गाउँ कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. पशुपंक्षी तथा मत्स्य पालनको पकेट क्षेत्र घोषणा गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्न नलगाड नगरपालिकाका १३ वटै वडाहरुमा पकेट क्षेत्र बारे सम्भाब्यता अध्ययन गरि पशुपंक्षी पकेट क्षेत्र घोषणा गरिनेछ । पकेट क्षेत्र विकासका लागि प्रधानमन्त्री रोजगार तथा मुख्य मन्त्री रोजगार कार्यक्रमसँग **म्याचिंग** गरी ब्यावसायीक कृषकलाई अनुदानको ब्यवस्था गरिनेछ । नगरपालिकाको विभिन्न वडाहरुमा पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । पशुहरुको कृत्रिम गर्भाधान सेवा विस्तारबाट र प्राकृतिक गर्भाधान सेवाको लागि उन्नत बोका, राँगो, बंगुर, कुखुरा वितरणबाट उन्नत पशुपंक्षीको विकास गरिनेछ ।स्वच्छ र गुणस्तरिय माछा, मासु र दुग्ध पर्दाथको प्रशोधन तथा भण्डारणको व्यवस्था गरि मासुजन्य र दुग्धजन्य पदार्थमा आत्मनिर्भर बनाईनेछ । नगरपालिकाको विभिन्न वडाहरुमा पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

१७. एक वडा एक नमुना पशुपंक्षी फारम नीति तर्जुमा गरि कार्यान्वयन गरिनेछ । खोर सुधार कार्यक्रमलाई बढी ब्यवहारिक बनाई किसान मैत्री नीति निर्माण तथा कार्यान्वयन गरि बाखा पकेट क्षेत्र विस्तार गरिनेछ । पशु प्रयोगशालाको विकास र विस्तारमा जोड दिईनेछ ।

१८. जलबायू परिवर्तन अनुकुनलन हुने गरी सिंचाई योजनाहरुको विकास एवम् विस्तार गर्न सिंचाई गुरुयोजना तर्जुमा गरि जलवायू परिवर्तन अनुकुलन सिंचाई योजनाहरु निर्माण गरिनेछन । ब्यावसायिक कृषिलाई प्रोत्साहन गर्नका लागि सौर्य उर्जा एवम् अन्य प्रविधिमा आधारित भुमिगत तथा लिफ्ट  सिंचाई प्रणालीको विकास गरिनेछ। उपयुक्त प्रविधि सहितको सिंचाई सुविधा विस्तार गरिनेछ ।

१९. उत्थानशील स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकहरूको पहुँच विस्तार गर्न स्वास्थ्य संस्थाहरूको भौतिक संरचना न्यूनतम मापदण्ड अनुरुप सुधार गरि स्वास्थ संस्थ्याहरूलाई उत्थानशील बनाई सहज पहुँचमा विस्तार गरिनेछ। यस नलगाड नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुलाईक्रमशःनमुना स्वास्थ्य संस्थाको रुपमा विकास गरिनेछ । स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहलाई प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई क्षमता विकास तालिमहरु (LMIS, DHIS, HMIS, ELMIS, SBA IMPLANT IUCD) प्रदान गरी संस्थामा आवश्यक पर्ने औजार उपकरण, औषधी र जनशक्तिको व्यवस्था गरिनेछ।

२०. स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन र बाल तथा मातृ स्वास्थ्य सेवालाई भरपर्दो र सुरक्षित बनाउन नगरपालिकाबाट थप रकमको व्यवस्था गरिनेछ। साथै स्वास्थ्य तथा पोषण सम्बन्धी चेतना अभिवृद्धि गरि नागरिकहरूको स्वास्थ्य सम्बन्धी व्यवहारमा सुधार गर्दै ७० वर्ष माथिको जेष्ठ नागरिकको घरमै गई स्वास्थ्य उपचार गर्ने व्यवस्था मिलाईनेछ। सुनौला हजार दिनको महिला तथा बालबालिकाको पोषण, सुरक्षा सम्वन्धी कार्यक्रमलाई निरन्तरता दिईनेछ । **एम्वुलेन्स सेवालाई ब्यवस्थित र सवैको पहुँच स्थापित गर्न गर्भवती तथा सुत्केरी महिलाहरुको उद्धारका लागि निशुल्क एम्वुलेन्स सेवाको ब्यवस्था गरिनेछ।**

२१. नगरपालिका क्षेत्रमा आम नागरिकहरुको स्वास्थ्य सेवाको पहुँच स्थापना गर्न, स्वास्थ्य सेवाबाट कुनै पनि विपन्न नागरिकहरु सेवाबाट वञ्चित नहुन् भन्नका लागि नगरपालिकाबाट दीर्घकालिन रोगहरुबाट ग्रसित नागरिकको लागि आर्थिक सहायताको व्यवस्था गरिनेछ र त्यसको लागि "**आकस्मिक कोष**"मा आवश्यक बजेटको व्यवस्था गरिनेछ। प्रोटोकल अनुसार ४ पटक गर्भ जाँचलाइ वढावा दिन **"ग्रामिण अल्ट्रा साउण्ड"** कार्यक्रम शुरु गरिनेछ। सुत्केरी महिलाहरुसँग नगर उपप्रमुख कार्यक्रम मार्फत गर्भवति भएका हरेक महिलाको घरमा झण्डा सुत्कृरको हातहातमा अण्डा कार्यक्रमक्रमलाई निरन्तरता दिदै क्रमशः **पुर्ण संस्थागत गर्भवती (Zero Home Delivery)** नगरपालिका घोषणा गरिनेछ।

२२. किशोरीहरुको प्रजनन् स्वास्थ्य सम्वन्धि समस्यालाई सम्बोधन गर्न स्थानीय स्तरमा स्यानिटरी प्याड निर्माणको लागि आवश्यक सामाग्रीहरुको व्यवस्थापन गरी तालिम कार्यक्रमलाई विस्तार गरिनेछ । किशोर किशोरी प्रजनन स्वास्थ्यको अभिमुखिकरण (विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम) सञ्चालन गर्नुका साथै किशोर किशोरी प्रजनन् सम्बन्धि स्वास्थ्यकर्मीलाई तालिम तथा अभिमुखिकरण जस्ता कार्यक्रम लागु गरिनेछ।

२३. नसर्ने तथा दिर्घरागेको रोकथाम, नियन्त्रण तथा उपचार सेवालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न वहुक्षेत्रीय समन्वय मार्फत नसर्ने रोग तथा सरसफाई बारे जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । जेष्ठ नागरिकहरुलाई सेवा प्रदान गर्न वृद्ध अवस्थामा देखिने समस्याको निराकरण र उपचार गर्न स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । मानसिक स्वास्थ्य सेवाको पहुँचलाई सवै तहमा विस्तार गर्दै मानसिक रोगीको निःशुल्क उपचारको लागि औषधिको व्यवस्थापन र मानसिक स्वास्थ्य उपचार शिविर सञ्चालन गरिनेछ । यसको लागि मानसिक स्वास्थ्य सेवा तथा उपचार केन्द्रसँग म्याचि· गरी कार्यक्रमहरु तय गर्ने व्यवस्था गरिनेछ ।

२४. मेरो स्वास्थ्य मेरो जिम्मेवारी नारालाई मुर्त रुप दिन जिवनशैली र आहार विहारका कारण हाल स्वास्थ्य चुनौतीको रुपमा रहेका नसर्ने रोगहरु र शारिरिक तथा मानसिक समस्याहरुको व्यवस्थापनको लागि आयुर्वेद तथा बैकल्पिक चिकित्सालाई विकास, विस्तार तथा प्रवद्धन गरिनेछ ।

२५.स्वास्थ नगरवासी समृद्ध नगर भन्ने अभिप्रायका साथ स्थानीय जनतालाई आयुर्वेद तथा योग सम्वन्धि आकर्षण बढाई स्वस्थ जीवन जिउन प्रेरित गर्ने उद्धेश्यले एक घर पाँच जटीबुटी पाँच योग कार्यक्रम लागु गरिनेछ । जेष्ठ नागरिकहरुको स्वास्थ्य प्रवद्धन गर्न नियमित स्वास्थ्य परिक्षण, तथा रसायन एवम् शक्ति बर्द्धक औषधी वितरण कार्यक्रम जेष्ठ नागरिक सँग नगर प्रमुख कार्यक्रम मार्फत सञ्चालन गरिनेछ । स्थानीय जडिबुटीको उपयोगिता र संरक्षणका साथै स्वस्थबृत आचार रसायन तथा आयुर्वेद जीवनशैली सम्वन्धि सचेतना फैलाउन विद्यालय स्तरदेखि नै आयुर्वेद तथा योग शिक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२६. पाठ्यक्रमले निर्धारण गरे बमोजिमको समय तालिका अनुसार विद्यालयहरुमा सिकाइ कार्यको निरन्तरता दिइने छ । जसको लागि सरोकारवाला निकाय तथा पदाधिकारीहरुबाट नियमित अनुगमन सुपरिवेक्षण गरिने छ । यस नगरपालिकाको शिक्षामा गुणस्तर अभिवृद्धि गर्न अर्न्तक्रियात्मक कार्यक्रम सञ्चालन गरिनेछ । नलगाड नगपालिका भित्रका  सवै शिक्षण संस्थाहरु तथा विद्यालयहरुमा मापदण्ड अनुसार भौतीक पुर्वाधार निर्माण गरि ईन्टरनेट र कम्प्युटर पहुचको सुनिश्चितका लागि आवश्यक कार्य गरिनेछ ।

२७. यस नगरपालिका भित्र रहेका दरवन्दी रहित विद्यालयको शिक्षाको गुणस्तर सुधार गर्न शैक्षिक गुणस्तर सुधार अनुदानको व्यवस्था गरिनेछ । साथै वर्तमान शिक्षा ऐन तथा नियमावली बमोजिम न्यूनतम मापदण्ड पुरा नगरेका विद्यालयहरुको पुनःसंरचना गरी उपयुक्त, व्यवस्थित तथा मापदण्ड अनुकुलका शैक्षिक संस्थाहरु मार्फत शैक्षिक गुणस्तर कायम गर्न विद्यालय मर्ज, तह मिलान तथा तह घटुवाको कार्य प्रक्रिया अगाडी बढाईनेछ । साथै विषयगत शिक्षण सिकाइलाइ प्रभावकारी बनाउन माद्यमिक र आधारभुत तहमा अध्यापन गराउने गणित, विज्ञान,अंग्रेजी र सामाजिक शिक्षकहरुको **विषयगत शिक्षणलाई सहजीकरण गर्न शिक्षक तालिम** संचालन गरी सिकाइ उपलब्धीमा सुधार ल्याइने छ ।

२८. नगर क्षेत्रभित्र रहेका दृष्टिविहिन तथा शारीरिक रुपले अशक्त अपाङ्ग बालबालिकाहरुको शिक्षा प्राप्तिको अधिकारलाई सुनिश्चित गर्न **"विशेष स्रोत कक्षा"** कार्यक्रमलाई निरन्तरता दिईनेछ । नलगाड नगरपालिकामा सञ्चालित नमुना विद्यालयहरुको भौतीक अवस्थामा सुधार गरिनेछ । नगर स्तरमा सञ्चालन गरिने आधारभूत तह उत्तीर्ण परीक्षा प्रणाली सुदृढ गर्न सरोकारवालाहरु बीच व्यापक अन्तरक्रिया तथा नतिजा विश्लेषण गरी उत्कृष्ट विद्यालय, शिक्षक, विद्यार्थीलाई सम्मान तथा प्रोत्साहन गरिनेछ । विद्यार्थी भर्नादर र टिकाउ दरलाई प्रोत्साहित गर्दै दिगो र गुणस्तरीय शिक्षाका लागि प्राथमिक तहका विद्यार्थीहरुलाई पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ

२९. स्थानीय स्तरको आवश्यकता र सम्भाव्यताको अध्ययन गरी स्थानीय पेशा,व्यवसायलाई सिकाई संग जोड्न, सिकाई र कमाइ**(Learning to Earning)** अवधारणा अनुरुप **स्थानीय पाठ्यक्रम निर्माण** गरि नमुनाको रुपमा लागु गरिने छ । साथै नयाँ पाठ्यक्रमको जानकारी प्रदानगर्न **पाठ्यक्रम प्रवोधिकरण तालिम** संचालन गरिने छ । विद्यालय बाहिर रहेका, जोखिममा परेका, टुहुरा तथा अति अशक्त बालबालिकाहरुको तथ्यांक संकलन गरि त्यस्ता बालबालिकाहरुलाई शैक्षिक मुलप्रबाहिकरणमा समाहित गर्न उपयुक्त शैक्षिक प्याकेज मार्फत शिक्षा प्राप्तिको नैसर्गिक अधिकारको सुनिश्चितता गरिने छ ।

३०. यस नगर भित्र संचालित विद्यालयहरुमा कार्यरत विद्यालय कर्मचारीहरु बालविकास शिक्षक, विद्यालय लेखा सहायक, विद्यालय सहयोगी र नगरपालिकाको शैक्षिक गुणस्तर सुधार अनुदानमा कार्यरत शिक्षककहरुलाई न्युनतम् तलबस्केलको व्यवस्थागर्न आवश्यक पर्ने रकमथप गरी न्युनतम तलब स्केल १५,०००। (पन्ध्र हजार) पुर्‍याइने छ । विद्यालयहरुमा शैक्षिक सूचना तथा तथ्याँकहरुको अभिलेख व्यवस्थापनगर्न (IEMIS)सम्बन्धि कार्यशाला संचालन गरिने छ । विद्यालयहरुका सूचना जानकारी नगरसम्म र केन्द्र, प्रदेश, जिल्ला र नगरस्तरका सुचना निर्देशन तथा जानकारीहरु विद्यालयहरु समक्ष सम्प्रेषण गर्ने र समग्र शैक्षिक प्रगतिको समिक्षा गर्न **चौमासिक रुपमा घुम्ती प्रधानाध्यापक बैठकको** आयोजना गरिने छ ।

३०. नगरको आगामी शैक्षिक कार्यदिशा निर्देशका लागी सरोकारवाला सबैको संलग्नतामा दशबर्षीय नगर शैक्षिक योजना निर्माण गरिने छ । सोको लागी नगरमा संचालित सम्पूर्ण विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति समक्ष **शैक्षिक गुणस्तर करार सम्झौता** गरिने छ । नमुना विद्यालय विकास सम्बन्धि नवीनतम् अवधारणा तथा नेपाल सरकारको निर्धारित मापदण्ड बमोजिमको दीर्घकालिन नमुना विद्यालयको विकास गर्न हालको नमुना विद्यालयकार्यक्रममा पुर्नरविचारगरि एकिकृत क्लस्टर प्रणाली अनुसारको **आवाशिय नमुना विद्यालय विकास कार्यक्रम** लागु गरिने छ ।

३१. यस नगरपालिकाभित्र संचालन हुने सम्पुर्ण शैक्षिक गतिविधिहरुलाई एकिकृत गरि शैक्षिक सूचना र जानकारी आमजनसमुदायहरु माँझ सम्प्रेषण गर्न शैक्षिक सूचना संगालोको रुपमा **'हाम्रो शैक्षिक दृष्टिकोण'** नामको स्मारिका प्रकाशन गरिने छ । यस नगरपालिका स्थित दरबन्दी रहित विद्यालय र बालबिकास केन्द्र नभएका विद्यालयहरुमा चालु आ.व.मा झैँ आगामी आ.व. २०७९।०८० मा पनि अनुदानलाई निरन्तरता दिइने छ ।

३२. बिद्यालयहरुलाई आवश्यक समायोजन गरि संघीय सरकार र प्रदेश सरकार सँग समन्वय गरि दल्ली र तल्लुमा न्युनतम सुविधा सम्पन्न आवासीय विद्यालय सञ्चालन प्रक्रिया अगाडी बढाईनेछ । यस नगरपालिकाको शिक्षा र खेलकुदलाई विकास गर्न शारीरिक र मानसिक सक्षमतामा अभिवृद्धि गर्न, खेल प्रतिको अभिरुचि बढाउन र प्रतिभा पहिचान गर्न **"नगर प्रमुख खेलकुद"** प्रतियोगिता सञ्चालन गरिनेछ । नगर प्रमुख खेलकुद प्रतियोगितालाई व्यवस्थित रुपमा सञ्चालनका लागि खेलकुद सम्वन्धी कानुनको निर्माण गरिनेछ । नलगाड नगरपालिका अनतरगतका माध्यामिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको खेल पहिचान तथा समग्र खेलकुद विकासको लागि खेल प्रशिक्षण र नियमति अनुगनमन गर्न आवश्यक कार्य गरिनेछ ।

३३. यस आ.व. देखि विद्यालयहरुमा लागु भइरहेको दिवा खाजा कार्यक्रम नगरमा आधारित भई संचालन हुनगइरहेकोले दिवाखाजा संग सम्बन्धित मापदण्ड अनुसार संचालन र व्यवस्थापनगर्न त्यस संग सम्बन्धित खाजा व्यवस्थापन समिति तथा विद्यालय सहयोगीहरुको क्षमताविकासगर्न **२ दिने कार्यशाला गोष्ठीको** आयोजना गरिने छ । एक आपसमा शैक्षिक व्यवस्थापन गर्न टेवा पुग्ने गरि नगरको उत्कृष्ट विद्यालय र सबै किसिमले कमजोर विद्यालयवीच एकआपसमा अनुभव आदानप्रदान गर्न सबै सरोकारवालाहरुको **संयुक्त अनुगमन भ्रमण** गरिने छ ।

३४. खेलकुदको समुचित विकास गर्न नगर खेलकुद विकास समितिको गठन गरि पुर्वाधार निर्माण तथा विभिन्न खेलकुद प्रतियोगिता तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ । खेल क्लवहरुलाई नगरपालिकामा दर्ता गरि सुचीकृत गरिनेछ । वडा नं. ०८ को मन्मै रंगशालाको निर्माण तथा विकासको कार्यलाई निरन्तरता दिईनेछ । साथै यस नगर क्षेत्र भित्र स्थानको अध्ययन गरि बहुउद्धेश्यीय कभर्डहलको निर्माणको लागि डि.पी.आर. तयार गरि आवश्यक पहल गरिनेछ ।

३५. विद्यालय शिक्षालाई जीवन उपयोगी तथा अनुसन्धानमा आधारित शिक्षण प्रणाली बनाउन पालीका स्तरिय शिक्षा समितिलाई प्राविधिक शिक्षाको लागि सक्रिय रुपमा परिचालित गर्दै ब्यबसायिक सीपयुक्त, दक्ष, मागयोग्य जनशक्ति उत्पादनको लागि प्राविधिक तथा व्यवसायिक तालिम सञ्चालन गरिनेछ । शिक्षित युवाहरुको ज्ञान, सिप र क्षमतालाई राष्ट्र सेवामा समर्पित गराउन र राष्ट्रसेवक जनशक्ति उत्पादन गर्न शिक्षक सेवा आयोग तथा लोक सेवा आयोगको तयारी कक्षा सञ्चालन गरि युवा लक्षित क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३६. विद्यार्थीहरुको पढाईमा प्रभावकारीता र निरन्तरता ल्याउन अभिभावक तथा विद्यार्थीहरुका लागि मनोसामाजिक विश्लेषण तथा परामर्श गर्न छनौट गरिएका विद्यालयहरुमा आवश्यक कार्यक्रम सञ्चालन गरि स्थानीय पाठ्यक्रममा मानसिक स्वास्थ्य सम्बन्धी विषय समावेश गरिनेछ । जोखिममा परेका टुहुरा, अनाथ, असहाय वालवालिकाहरुको अध्ययन, प्रोत्साहन तथा उचित संरक्षणको लागि **"बाल कल्याण कोष"** स्थापना गरि आवश्यक बजेटको व्यवस्था गरिनेछ । यस नगरपालिका वडा नं. ४ पिपलचौरमा संचालित एक मात्र अपांग मैत्री विशेष आवासिय विद्यालयमा विद्यार्थीहरुको

व्यवस्थापन गर्न आवश्यक पर्ने अनुदान रकमलाई निरन्तरता दिइने छ । अपांग भएका व्यक्तिहरुको दैनिक जीवनयापनमा सहज बनाउन सहायक सामाग्री वितरण गरिनेछ ।

३७. स्वच्छ र गुणस्तरिय खानेपानीको सुविधा विस्तार गर्न बृहत खानेपानी योजना अन्तरगत एक घर एक धारा अभियान सञ्चालन गरि निरन्तरता दिईनेछ । क्षति भएका पुराना पाईपलाईनको नियमित मर्मत सम्भारको व्यवस्था मिलाईनेछ । वडा स्तरिय खानेपानी योजनाहरुलाई निरन्तरता दिई खानेपानी वितरणलाई प्रयाप्त बनाउन लिफ्टिङ प्रविधिको सम्भाब्यता अध्ययन गरि लिफ्टिङ प्रविधिको विकास गरिनेछ ।

**३८. उत्पादन गर्दछ फोहोर जसले, तिर्दछ ब्यवस्थापनको मुल्य उसले, कसैलाई दिदैन म फोहोर , बरु घरमै बनाउछु मोहोर** भन्ने सिद्धान्त र फोहोर बाट मोहोर बनाउने नीतिलाई अवलम्वन गर्दै नगर क्षेत्रमा उत्सर्जन हुने फोहोरमैलालाई ब्यवस्थित ढंगले व्यवस्थापन गरिनेछ ।

३९. "**स्वच्छ सफा र सुन्दर शहर, नलगाडबासीको रहर"** भन्ने उद्घोषलाई यर्थातमा परिणत गर्न नदि किनार आसपास लगाएत सार्वजनिक स्थलहरुमा फोहोर गर्न नदिन सचेतनामूलक कार्यक्रम सञ्चालनका गर्नुका साथै सरसफाई अभियानलाई वडास्तरमा सञ्चालन गरिनेछ । फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ साईडको निर्माण, विकास र विस्तार गरिनेछ ।

४०. लैङ्गिक समानता सम्वन्धि नीति तर्जूमा तथा विद्यमान कानुन तथा कार्यक्रममा पुनरावलोकन गरि स्थानीयकरण गरि महिला विरुद्ध हुने सवै प्रकारका हिंशा, शोषण र विभेद नियन्त्रणका लागि कानुनी उपचार प्रणालीलाई सहज र पहुच योग्य बनाईनेछ । साथै नगरपालिकाको बजेटलाई लैङ्गिक उत्तरदायी बनाउन आवश्यक पहल गरिनेछ ।

४१. बालबालिका तथा किशोर किशोरीहरु विरुद्ध हुने हिंशा, बाल यौनदुर्व्यबहार, बालश्रम, बालविवाह, बलात्कार, बेचविखन जस्ता अपराध विरुद्ध कानुनी सुधार गरी शुन्य सहनशीलताको नीति अवलम्वन गरिनेछ । महिला, वालवाललिका, जेष्ठ नागरिक विरुद्ध हुने हिंसा तथा दुर्व्यवहार, बालश्रम, वालविवाह, छुवाछुत, वोक्सी लगायत सवै प्रकारका कुरितिहरु अन्त्य गर्न सचेतनामुलक कार्यक्रमहरु वृहतर रुपमा सञ्चालन गरिनेछ ।

४२. महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, अल्पसंख्यक,शहिद परिवार, दलित, गरिब, विपन्न वर्ग, एकल महिला, आदिवासी जनजाति लगाएतका लक्षित समूहका लागि उत्थानसिल विकास कार्यक्रम सञ्चालन गरिनेछ । **लैंगिक हिंसा निवारण कोष**को स्थापना गरि लैंगिक हिंसामा परेका व्यक्तिहरुलाई राहत, उद्धार तथा पुनस्थापना गरिनेछ । महिला, दलित, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, वालवालिकामैत्री नीति तथा कानुनहरु निर्माण गरिनेछ ।

४३. भौतीक संरचना पुर्वाधार र यातायातका साधनहरु र सेवा सुविधा अपाङ्गमैत्री बनाई शिक्षा सिकाई पद्धती समेत अपाङ्गमैत्री बनाई गुणस्तरिय शिक्षामा सवै अपाङ्गता भएका बालबालिकाको पहुच अभिबृद्धी गरिनेछ । अपाङ्गता भएकाव्यक्तिहरुको लागि

४४. व्यवसायीक तथा क्षमता विकासका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुका लागि आत्मनिर्भर बनाउन तथा शिक्षा, दिक्षा र उपचार गर्नको लागि **"अपांग पुनःस्थापना कोष"** स्थापना गरिनेछ । द्वन्द प्रभावित परिवार तथा द्वन्द्धका कारण भएका विभिन्न प्रकारका अपांगता भएका ब्यक्तिहरुको सुचिकृत गरि आवश्यक ब्यवस्थापन गरिनेछ ।

४५. जेष्ठ नागरिकको आर्थिक तथा सामाजिक हक अधिकार संरक्षणका लागि जेष्ठ नागरिक संरक्षण नीतिको तर्जुमा गरिनेछ । जेष्ठ नागरिकको ज्ञान, सिप र अनुभवलाई उपयोग गर्न अवसर प्रदान गर्नुका साथै अन्तरपुस्ता हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ । सामाजिक सुरक्षा भत्ता लाई टाढाका वडाहरुमा घर दैलोमा पुऱ्याउन आवश्यक पहल गरिनेछ । जेष्ठ नागरिकको लागि जेष्ठ नागरिक क्लव गठन गरि दिवा सेवा केन्द्र सञ्चालन गरिनेछ ।

४६. अति सिमान्तकृत, दलित, लोपोन्मुख, अति विपन्नका लागि जनता आवास कार्यक्रम , सुरक्षित नगारिक आवास कार्यक्रम अन्तरगत म्याचिङ गरि आवासको ब्यवस्था मिलाईनेछ । नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवनसंहिताको पालनाको लागि थप मापदण्ड बनाई लागु गरिनेछ । साथै भवन संहिता विपरितका नक्सापास नगर्ने नीति अवलम्वन गरिनेछ ।

४७. सवै वडाहरुका सडक सञ्जालको पहुच सुनिश्चित गरिनेछ । सकड सञ्जाल नपुगेका वडाहरुमा नया ट्र्याक खोल्नुका साथै नगरक्षेत्र भित्र निर्माण भएका सडकहरुको स्तरोन्नतीमा जोड दिदै नगरपालिका भित्रका मूख्य तथा शाखा सडकहरुको क्षेत्राधिकार सहितको मापदण्ड तय गरि लागु गरिनेछ । पर्यटन सम्भाव्यता अध्ययन गरि पर्यटकीय पदमार्ग र स्थलहरुको विकास तथा ब्यवस्थापन गुरुयोजना तयार गरि क्रमागत रुपमा कार्यान्यन गरिनेछ ।

४८. राष्ट्रिय प्रशासरण लाईनलाई क्रमश सवै वडाहरुमा विस्तारको ब्यवस्था मिलाईनेछ । साथै तत्काल प्रशासरण लाईन नपुगेका क्षेत्रहरुमा नवकिरणिय उर्जाको माध्यमबाट विद्युतीकरण गरिनेछ । स्थानीय जलविद्युतहरुलाई मर्मत सम्भारको ब्यवस्था मिलाईनेछ । उज्यालो नगर बनाउन तत्काल मुख्य बस्ती तथा बजार क्षेत्रमा सडक बत्तीको ब्यबस्था गरिनेछ ।

४९. आम जनतामा डिजिटल साक्षरता बढाउन निजी क्षेत्रसँग सहकार्यमा तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । मोवाईल तथा ईन्टरनेट सेवाको गुणस्तर सुनिश्चित गर्न नेपाल टेलीकम तथा अन्य सेवा प्रदायक संस्थाहरु सँग सहकार्य गरिनेछ । साथै सार्वजनिक स्थलमा फ्री वाईफाई सेवाको विस्तार गरिनेछ । नलगाड नगरपालिकाको वडा नं. ०४ मा सञ्चालनको अन्तिम तयारीमा रहेको नलगाड एफ.एमलाई नियमित प्रशासरणको लागि प्रोत्साहन गरि एफ.एम. रेडियो को भवन निर्माणको ब्यवस्था मिलाईनेछ । साथै सुचना सञ्चार तथा पत्रकारिता क्षेत्रमा स्थानीय

युवाहरुको सहभागिता सुनिश्चित गर्न आधारभुत पत्रकारिता सम्वन्धि पुन:तार्जकी तालिम सहित रेडीयो सञ्चालन सम्वन्धि सामान्य प्राविधक तालीम तथा वाक विकास सम्वन्धि तालिम सञ्चालन गरिनेछ ।

५०. हाल आम विश्व समुदाय विज्ञान, प्रविधि, सूचना र संचारको क्षेत्रमा चमत्कारिक परिवर्तन गर्दै वर्तमान समयलाई आजको एक्काईसौं शताब्दीको विज्ञान र प्रविधिको युग हो भनी पुष्टि गरिसकेको अवस्थामा मानविय दैनिक जीवनयापनमा एवम् समग्र कार्यालय सञ्चालन, व्यवस्थापन, सेवा प्रवाहमा शिघ्रताका साथै विकास व्यवस्थापनमा समेत सूचना तथा प्रविधिको आम पँहुच स्थापना गर्न आवश्यकता अनुसार नगर कार्यपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय लगाएतका सरकारी कार्यालयहरुमा ईन्टरनेट सेवाको विकास र विस्तारमा जोड दिईनेछ ।

५१. वन, हरियाली तथा जैवीक विविधताको संरक्षण र दिगो व्यवस्थापन गर्न हावापानी माटो र भुगोल अनुरुप खाली जग्गाहरुमा वृक्षारोपन गरिनुका साथै सामुदायिक वन उपभोक्ता समिति, वन डिभिजन कार्यालय, तथा सव डिभिजन वन कार्यालय र सुरक्षा निकाय सँगको सहकार्यमा बन डढेलो नियन्त्रन तथा रोकथाम विषयमा अन्तरक्रिया तथा चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ । सरकारी  गैरसरकारी निकायहरुको स्थानीय भुगोल र हावापानी अनुकुलन तथा विशेष महत्वका बोट विरुवा रोप्ने कार्यलाई प्रोत्साहन गरिरनेछ ।

५२. यस नगरपालिकामा रोजगार प्रर्वद्धन गर्नको लागि **प्रधानमन्त्री रोजगार कार्यक्रम** सँग म्याचिङ गरि **नगर प्रमुख रोजगार कार्यक्रम** मार्फत विदेशबाट फर्केका व्यक्तिहरु, कोभिड १९ का कारण प्रभावित भई रोजगार गुमाएका व्यक्तिहरु, जनआन्दोलन ,जनयुद्ध तथा विभिन्न अधिकार प्राप्तिका आन्दोलनबाट प्रभीवत नगारिक तथा परिवार र  विपन्न वेरोजगार नागरिकहरुलाई रोजगारी प्रदान गर्न **नगर प्रमुख रोजगार कार्यक्रम**लाई थप ब्यवस्थित गर्दे निरन्तरता दिईनेछ ।

५३. खोला, खोल्सा, नदी कटान तथा पहिरोहरुबाट भुमिको संरक्षण गर्न स्थानीय समुदायको सक्रिय सहभगिता कायम गरि क्षतिग्रस्त जमिनको संरक्षण गरिनेछ । सुख्खा वन क्षेत्रहरुमा पुनर्भरण पोखरीहरुको निर्माण गरिनेछ । प्राकृतिक जल प्रवाह क्षेत्रहरुमा कृत्रिम फोहोरमैला फाल्ने मिसाउने कार्यलाई प्रतिबन्धित गरी ब्यवस्थालाई कडाईका साथ कार्यान्वयनमा ल्याईनेछ ।

५४. नगरपालिका क्षेत्रभित्र प्लाष्टिकका गिलास, प्लेट, बोतल जस्ता वस्तुको उपयोगमा प्रतिबन्ध गरी दुना टपरी जस्ता स्थानीय वातावरणमैत्री बस्तुहरुको प्रवद्धनमा जोड दिईनेछ । साथै समुदायमा आधारित वातावरणमैत्री झोला, गिलास, प्लेट जस्ता सामाग्री उत्पादनलाई प्रोत्साहन गर्न उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ । प्लाष्टिक मालालाई नगर भित्र प्रतिवन्ध गराई स्थानीय फुलहरुको मालाको प्रयोग गर्ने नगरपालिकाको नीतिलाई निरन्तरता दिई यसको सफल कार्यान्वयन गरिनेछ ।

५५. विपद् जोखिम व्यवस्थापनका मुल प्रवाहीकरण गर्न विकास साझेदार एवम् स्थानीय समुदायलाई परिचालन गरि संकटासन्नता तथा क्षमता नक्सांकन, विपद् समयरेखा, म्याट्रीक्स ऱ्याकिंङ्गजस्ता

सहभागितामुलक लेखाजोखाका औजारहरु प्रयोग गरि नगरपालिकाका सवै वडाको विपद् जोखिमको पहिचान एवम् बृहत विश्लेषणको ब्यवस्था मिलाईनेछ । विभिन्न प्राकृतिक प्रकोप तथा महामारीबाट जोखिम हुन सक्ने सम्भावनालाई मध्यनजर गरी द्रुत प्रतिकार्य टोलीलाई आवश्यक तालिमको व्यवस्था गर्दै प्रकोप तथा महामारी व्यवस्थापनको लागि आवश्यक औजार उपकरणको व्यवस्था गरिनेछ ।

५६. नगरपालिकास्तरमा रहेका विपद् ब्यवस्थापन समिति र वडास्तरका विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाई नलगाड नगरपालिकाको विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनाको सफल कार्यान्यवन गरिनेछ । आपत्कालीन ब्यवस्थापनका लागि नगरपालिकामा श्रोत सुनिश्चित सहित विपद् व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिनेछ । यस नगरलाई वातावरणमैत्री बनाउन डाँडाहरुमा कृतिम तालतलैया बनाई पानीको संकलन गरि डाँडाकाँडाहरुलाई हरियाली बनाउने कार्यमा जोड दिईनेछ

५७. नेपाल जलबायु परिवर्तन सहयोग कार्यक्रम-२ सँग समन्वय गरी जलवायु परिवर्तन न्यूनिकरण तथा स्थानीय उत्थानसिल अनुकूलनका कार्यक्रमहरु संचालन गरिनेछन । यस नगरक्षेत्रको जैविक विविधताको संरक्षणमा जोड दिईनेछ । नलगाड नगरपालिका भित्र पाईने दुर्लभ सुन गिद्ध संरक्षणका लागि सुन गिद्ध संरक्षण कार्यक्रमको ब्यवस्था गरिनेछ । भू-क्षय नियन्त्रणका लागि जलाधार क्षेत्र तथा नदि किनारामा तटबन्धनका साथै वायो इन्जिनियरिङ्ग प्रविधिको समेत प्रयोग गरि वातावरण संरक्षण र व्यवस्थापन गरिनेछ ।

५८. विद्युतीय शासनको लागि आवश्यक पुर्वाधार तयार गरि कर्मचारी, जनप्रतिनिधि तथा आम नागरिकलाई ई- शासनको बारेमा क्षमता विकास गराउन आवश्यक कार्य गरिनेछ । सार्वजनिक प्रशासनमा सुशासन कायम गर्न सुशासन ऐन निर्माण गरि ऐन बमोजिम सार्वजनिक सेवा तथा सुविधा सरल, सहज, सुलभ, छरितो ढंगबाट उपलब्ध गराईनेछ । जवाफदेहिता विहिन स्थितिको अन्त्य गर्न आवश्यक नीतिगत, कानूनी र संस्थागत सुधार गरिनेछ । नगरपालिकाको तर्फबाट उपलब्ध गराउनुपर्ने सेवा, सुविधा, प्रविधि, सिप,तालिम र ज्ञान जनताको घर आँगनमा पुग्ने व्यवस्था गरि नगरपालिकाबाट प्रवाह गरिने सेवालाई आवश्यकता अनुसार घुम्ती सेवा प्रदान गरि जनताको घर दैलो सम्म सरल र सहज ढंगले गुणस्तरीय सेवा प्रदान गरिनेछ ।

५९. शासन प्रणाली, नीति तथा कानुन निर्माण, निर्णय प्रक्रिया कार्यसम्पादन प्रक्रिया र सेवा प्रवाहलाई सहभागितामुलक र पारदर्शी बनाउन नगर कार्यपालिका र वडा कार्यालयहरुमा क्षतिपुर्ती सहितको नागरिक वडापत्र, सहायता कक्ष, नागरिक भेला र पृष्ठपोषण संकलनको अभ्यास र गुनासै सुन्ने अधिकारीको ब्यवस्था गरिनेछ ।

६०. अनुगमन तथा मुल्यांकनलाई प्रभावकारी वनाउन अनुगमन तथा मूल्यांकन प्रगती विवरण नियमित प्रकाशनको व्यवस्था मिलाई नगरपालिकामा भएका अनुगनम तथा मुल्याँमन संयन्त्रको **क्षमता विकास गर्न गरिनेछ** । साथै कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, तथा जनप्रतिनिधीहरुको लागि क्षमताँ अभिवृद्धि गर्न आवश्यकतामा आधारित तालिमको व्यवस्था गरिनेछ । कर्मचारी र

जनप्रतिनिधीहरुको मनोबल उच्च बनाईराख्न र आन्तरिक पर्यटनलाई बढावा दिन अवलोकन भ्रमणको व्यवस्था गरिँनेछ । हरेक वर्ष नविन र उत्कृष्ट कार्य गर्ने कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, तथा जनप्रतिनिधीहरुलाई पुरष्कृत गरि हौसला प्रदान गरिनेछ । यस नगरपालिकामा कार्यरत करारका सबै कर्मचारीहरु, बालविकासमा कार्यरत शिक्षक र विद्यालय कर्मचारीहरुको संघिय सरकारले वृद्धि गरेको कर्मचारीको तलब अनुसार समायोजन गरिने छ ।

६१. यस नगरपालिकामा कार्यक्षेत्र भएका विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरु एकद्धार प्रणाली मार्फत नगरपालिका आई नगरपालिका र वडा कार्यालयको समन्वय तथा सहकार्यमा रही योजना तथा कार्यक्रम प्रस्तुत गर्नुपर्ने नीति अवलम्वन गरिनेछ । आफ्नो नीति तथा कार्यक्रममा रहि उत्कृष्ट कार्यसम्पादन गर्ने सरकारी तथा गैरसरकारी संघसंस्थाहरुलाई प्रोत्साहन तथा पुरस्कृत गरिनेछ ।

६२. एक गाउ एक उत्पादन कार्यक्रमको विकास तथा विस्तार गर्न गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सँग म्याचिङ बजेटको व्यवस्था गरि घरेलु उत्पादन प्रवद्धन कार्यक्रमको निर्माण गरि सफल कार्यान्वयन गरिनेछ । बैदेशिक रोजगारिबाट ज्ञान, सिप, अनुभव, र पुजीलाई स्थानीय उत्पादनमा लगानी गर्न प्रोत्साहन गरिनेछ । स्थानीय पुर्वाधार निर्माणमा संलग्न रहने श्रमिकहरुको कार्यदक्षता बृद्धि गर्न नियमित रुपमा पनर्ताजकी तालिम सञ्चालन गरिनेछ । गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत गरिब, दलित, महिला, पिछडिएका व्यक्तिहरु, विपन्न नागरिक, बादी समुदाय, बेरोजगार युवाहरुलाई उद्यमशिलता तर्फ आकर्षित गरि उद्यमशिलताको विकास र विस्तार गर्दै लगिनेछ ।

६३. उद्यमशिलता तर्फ उन्मुख उद्यमीहरुलाई स्तरोन्नतीका कार्यक्रम मार्फत व्यवसायीक उद्यमी बनाईनेछ महिला उद्यमीहरुलाई आफुले सिकको सिपलाई उपयोगको लागि नमुना उद्यमी महिला कार्यक्रम सञ्चालन गरि अनुदानको ब्यवस्था गरिनेछ । यस नलगाड नगरपालिकाका विभिन्न कार्यक्रम मार्फत जनयुद्धका घाईते तथा अपांगता भएका व्यक्तिहरुलाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

६४. नलगाड नगरपालिकामा स्वास्थ्य, शिक्षा तथा प्रशासनिक भवनहरुको निर्माण, विकास र स्तरोन्नतीमा विशेष जोड दिईनेछ । साथै विकासमा प्रत्यक्ष रुपमा प्रभाव पार्ने विकासका अन्य भौतिक पूर्वाधारहरु सडक, यातायात, सिंचाई जस्ता योजनाहरुको विकासको प्राथमिकताक्रम निर्धारण गरि योजना तर्जुमा गरिनेछ ।

६५. नलगाड नगरपालिकाको १३ वटै वडामा कार्यान्वयन भईरहेको नमुना वस्ती विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ । नमूना बस्तीहरुलाई सभ्य र समुन्नत समाजमा रुपान्तरण गर्न क्रमशः मदिरा नियन्त्रण गरी मदिरा निषेधित क्षेत्र घोषणा गरिनेछ ।

६६. नलगाड नगरपालिका भित्रका सहकारीहरुलाई व्यवस्थित गर्नको लागि आवश्यक तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रमहरुको व्यवस्था गरिनेछ । नलगाड नगरपालिका भित्रका सहकारीहरुको क्षमता विकासका लागि कर्मचारीहरुलाई लेखा व्यवस्थापन र सहकारी व्यवस्थापन सम्वन्धि तालिम सञ्चालनका लागि वजेट विनियोजन गरिनेछ ।

६७. उपभोक्ता हित संरक्षण गर्न बजार अनुगमन गरि बजारलाई नियमित र व्यवस्थित गर्न उपभोक्ता जागरण अभियानका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६८. नगरपालिकाको कर प्रशासनमा व्यापक सुधार गरिनेछ । करको दायराहरु बढाईनु का साथै करदाताहरुलाई करको दायरा भित्र ल्याईनेछ । स्थानीय तहमा रहेका सम्पूर्ण सहकारी, व्यवसायी समूहहरु, फर्म, वित्तिय संस्थाहरुमा कर लगाईने छ । नगरको आन्तरिक राजश्वलाई प्रर्वद्धन गर्न राजश्व सुधार कार्ययोजना बनाई लागु गरिनेछ ।

६९. स्थानीय स्तरका विवादहरुको समाधान गर्न स्थापित न्यायिक समिति मार्फत प्रभावकारी कार्यसम्पादन गर्न संस्थागत क्षमता विकास गरी जनभावना र स्थापित कानूनी मान्यता अनुसार ठोस कार्यविधिको निर्माण गर्दै सर्वसुलभ न्यायिक सेवा प्रवाह गर्न न्यायिक समितिको सुदृढिकरण गरिने छ

७०. संघीय सरकार र स्थानीय तहको साझेदारीमा संचालित बहुक्षेत्रीय पोषण योजनालाई निरन्तरता दिईनेछ र आबश्यक मापदण्ड तयार गरि प्रत्येक वडाहरुलाई **पूर्ण पोषणयुक्त वडा घोषणा** कार्यक्रमलाई क्रमशः लागु गर्दै लगिने छ ।

७१.सार्वजनिक स्थलहरुमा हुने धुमपान, मध्यपान लगायतका सामाजिक विकृति र विसंगतिहरुलाई न्युनिकरण गर्न वडास्तरमा रहेका आमा समुह, महिला सहकारी समुह, युवा समुह, वाल समुह लगायतका सामाजिक समुहहरुको क्षमता विकास गरी उक्त समुहरुसँगको सहकार्यमा सभ्य, शान्त र सम्मुनत समाजको निर्माण गर्नमा जोड दिईनेछ ।

७२. नलगाड नगरपालिकाको सेवा प्रवाह लगायत विकास निर्माणमा सहजीकरण गर्नको लागि विभिन्न कानुनहरु निर्माण गरी लागु गरिनेछ ।

७३. स्थानीय पुर्वाधार निर्माण तथा विकास निर्माण कार्यलाई थप सहज र प्रभावकारी बनाउनका लागि जिल्ला दररेट लाई बैज्ञानिक रुपमा परिमार्जन गर्न स्थानीय दररेट तयार गर्न आवश्यक कार्यक्रम तथा बजेट विनियोजन गरिनेछ ।

७४. समाजमा विविध कारणवस बञ्चिती तथा  अभावमा कष्टकर जीवन विताईहेका ६० वर्ष माथी उमेर समुहका एकल तथा विदुर नागरिकहरुको यथार्थ अवस्था मुल्यांकन गरि उनीहरुको सामाजिक

सुरक्षा र सामाजिक संरक्षणका लागि विशेष पहल गर्न **विपन्न एकल तथा विदुर पुरुष सुरक्षा कार्यक्रम** सञ्चालन गरि समन्यायिक कार्यान्वयन गरिनेछ ।

७५. पर्यटन क्षेत्रको प्रर्वद्धन गर्न स्थानीय स्तरमा रहेका पर्यटकीय, ऐतिहाँसिक, सामाजिक, धार्मिक तथा सांस्कृतिक वैभव र सम्पदाहरुको पहिचान, विकास, विस्तार र व्यवस्थित गरि प्रचार प्रसार गरिनेछ । नलगाड भित्रको परम्परागत लोक संस्कृतीहरुको जगेर्ना गर्न, लोपोन्मुख जाति, आदिवासी, जनजातिको भाषा, संस्कृति र धर्मको संरक्षण र विकासमा जोड दिन लोपोन्मुख कला संस्कृती पुस्ताहस्तान्तरण सहित प्रशिक्षण तथा विकासका लागि **नलगाड लोकसंस्कृती संरक्षण कार्यक्रम** सञ्चालन गरि आवश्यक बजेट विनियोजन गरिनेछ । **नलगाड साँस्कृतिक महोत्सवलाई** निरन्तरता दिदै आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

७६. नलागाड नगरपालिकाको वडा नं. ०४ र ०५ मा पर्ने पर्यटकीय क्षेत्र खन्टाकुरामा बनेका र बन्दै गरेको पर्यटकीय पुर्वाधार लगायत अन्य सुरक्षाँको पहुच स्थापित गर्न अस्थायी प्रहरी पोष्ट निर्माणका लागि आवश्यक कार्य गरिनेछ ।

अन्त्यमाः- नलगाड नगरपालिकाले विगतका नीति तथा कार्यक्रमलाई निरन्तरता दिदै आ.व. २०७९।८० मो नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ । र यस अवसरमा हाम्रो निमन्त्रणा ग्रहण गरि व्यस्त तथा अमुल्य समयको बाबजुद यस नगर सभामा पाल्नुहुने नगर सभाका सदस्य ज्यूहरु, कर्मचारीहरु, संचारकर्मीहरु लगायत सम्पुर्ण सरोकारवालाहरु प्रति हामी आभारी छौ । साथै यस कार्यलाई प्रभावकारी र सफल कार्यान्वयनका लागि सहयोग गर्ने सवै पक्ष र निकायहरुबाट सदाभैं सल्लाह, सहयोग र सुझावको अपेक्षा गर्दै वार्षिक नीति तथा कार्यक्रम तर्जुमा कार्यमा रचनात्मक सल्लाह एव्म सक्रिय सहयोग गर्नुहुने सवैमा धन्यवाद दिदै नीति तथा कार्यक्रमको सफल कार्यान्वयका लागि समेत पुर्ण साथ सहयोगको अपेक्षा गर्दछु । नेपालको संविधान कार्यान्वयनका माध्यमबाट नगरलाई सम्बृद्धिको यात्रा तर्फ अग्रसर गराउन योगदान पुऱ्याउने राजनीतिक दलहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । नगरको समग्र आर्थिक-सामाजिक विकासमा आ-आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्ने स्थानीय सरकारका प्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, निजि तथा सहकारी क्षेत्र, नागरिक समाज, बुद्धिजीवी, संचार जगत तथा सम्पूर्ण नगरबासीहरु तथा नगरको विकास प्रयासमा सहयोग पुऱ्याउने सरकारी तथा गैर सरकारी संघसंस्थाहरु सवैलाई हार्दिक धन्यबाद दिन चाहान्छु ।

धन्यवाद !